# नेपालमा दलित समुदायको उत्थानका लागि के कस्ता नीति र संरचनागत व्यवस्था छन् ?

२०७२

नेपाल सरकार
राष्ट्रिय दलित आयोग
जावलाखेल, ललितपुर, नेपाल

कानुनी शासन तथा मानव अधिकार
संरक्षण प्रणाली सवलीकरण
कार्यक्रम / UNDP

**प्रकाशक:**

कानुनी शासन तथा मानव अधिकार संरक्षण प्रणाली
सवलिकरण कार्यक्रम/UNDP

सानेपा, ललितपुर

फोन : ९७७-१-५५५२३४, ५५५२३९, ५०१२६१३

© प्रकाशकमा



वितरण : निःशुल्क

प्रकाशन प्रति : ...............

संस्करण : प्रथम संस्करण २०७२

मुद्रक :

**प्रविधिक सहयोग :**

समुन्नत नेपाल

अनामनगर, काठमाडौँ

फोन : ०१-४१०२६३१

email: info@samunnatnepal.org

web: www.samunnatnepal.org

## नेपालका दलित समुदायको उत्थानका लागि नीति र संरचनागत व्यवस्था

लामो समयदेखि दलित विरुद्ध हुने गरको विभेद, उपेक्षा र अपहेलनाको कारण नेपालमा ठुलो सङ्ख्यामा रहेको दलित समुदाय विकासको मूल प्रवाहबाट अझैपनि बाहिर छन् । अन्य सामाजिक समूहहरुको तुलनामा गरिबीको प्रतिशत दलित समुदायको नै बढी छ । सामाजिक हैसियतमा दलितलाई नै सबैभन्दा तल पारेर उपेक्षित भूमिका र व्यवहारमा पारिएको छ । यहाँसम्म कि जातको आहारमा छुवाछुत र भेदभाव सम्मको व्यवहारबाट प्रभावित छन् । सामाजिक, आर्थिक र राजनीतिक सहभागीतामा न्युनता रहेको छ । मानव विकासको सुचाङ्कमा दलितहरूको नै कमजोर स्थिति देखा पर्दछ ।

दलित समुदायको समग्र अवस्थालाई राज्यले महसुश गरिसकेको छ । उनीहरूको अवस्थालाई सम्बोधन गर्न राष्ट्रिय तथा स्थानीय स्तरमा नीति, संरचनागत र कार्यक्रमगत व्यवस्थाहरूको सुरुआत गरेको छ ।

दलित समुदायको शिक्षा र सचेतनाको अवस्था, राज्यको तदारुकताको कारण ती व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन सकेका छैनन् । राज्यले गरेका यस्ता पहलहरूबारे सामग्र दलित समुदायलाई जानकारी गराउन सकेमा उनीहरु सचेतक ढङ्गले सेवा र सुविधाहरू दावि गर्न सक्ने भई तिनको प्रभावकारी कार्यान्वयन हुने कुरालाई ध्यानमा राखेर यो जानकारी पुस्तिका प्रकाशनमा ल्याइएको छ ।

जातीय भेदभाव तथा छुवाछुतका कारण समाजमा हिंसाजन्य अपराधहरू धेरै हुने गरेका छन् । यस्तै बलत्कार, मानव बेचविखन, बोक्सा बोक्सिको आरोप, घरेलु हिंस आदिमा लगाउने जस्ता मानवता विरोधी अपराधहरू हाम्रो समाजमा दिनहुँ जसो समाचारका रूपमा आउने गरेका छन् ।






यस्ता घटनाहरू हुन नदिनका लागि ऐन र कानुनहरू बनेका छन्। कानुनलाई व्यवहारमा ल्याउन आयोग, समिति र अन्य संरचनाहरू छन्। ऐन र कानुनमा भएको व्यवस्थाका बारेमा हामी सबैलाई राम्रो जानकारी छैन। त्यसैले ऐन र कानुनका कुरा व्यवहारमा आउन सकिरहेको छैन। जसका कारण माथि उल्लिखित सामाजिक अपराधका घटनाहरू घटिरहेका छन्। अपराध गर्नेले पनि सजिलै छुट पाइरहेका छन्। त्यसैले कानुनमा भएको व्यवस्था हामी सबैले जान्न अति आवश्यक छ।









नयाँ मुलुकी ऐनले वि.सं. २०२० सालपछि जातीय भेदभाव तथा छुवाछुतलाई कानुनी रूपमा दण्डनीय मानेको छ। नेपाल अहिले छुवाछुत मुक्त राष्ट्रसमेत घोषणा भइसकेको छ। नेपालको संविधान २०७२ मा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरिने कुरा उल्लेख भएको छ। यस्तै संविधानले आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्य लिएको छ। छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकलाई सबैको अधिकारका रूपमा स्थापित गरेको छ।

नेपालमा जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ लागु भइसकेको छ। यसले जातीय आधारमा हुने सबै प्रकारका भेदभावको अन्त्य गर्न सघाउँछ। त्यसबाट जातीय छुवाछुत जस्तो सामाजिक अपराधको नियन्त्रण हुने विश्वास राखिएको छ।

नेपालको जनसङ्ख्याको झन्डै एक चौथाइ हिस्सा दलित समुदायले ओगटेको छ। दलित समुदायको हक हित र उत्थानका लागि राज्यले कस्तो नीतिगत व्यवस्था गरको छ ? उक्त नीतिहरूको कार्यान्वयन गर्न संरचनागत व्यवस्था के कस्ता छन् ? उक्त संरचनाहरूबाट कस्तो सेवा सुविधहरू लिन सकिन्छ ? दलित समुदायले त्यसको सहजै उपभोग कसरी गर्न सक्छन् ? भन्ने सन्दर्भमा यो सामग्री तयार पारिएको हो।

## १. नीतिगत व्यवस्था

दलित समुदायको हकहित, अधिकार र पहुँच बढाउनका लागि राज्यले गरेको कानुनी व्यवस्थालाई नीतिगत व्यवस्था भनिछ । दलित समुदायको हकहित र अधिकारका लागि विद्यमान ऐन कानुनमा के के व्यवस्था छन् ? त्यसको जानकारी यसअन्तर्गत दिइएको छ ।

### (क) नेपालको संविधान

नेपालको संविधान २०७२ ले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरिने भनेको छ । संविधानले आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्य लिएको छ । साथै छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकलाई सबैको अधिकारको रूपमा स्थापित गरेको छ ।

संविधानले जातीय भेदभाव तथा छुवाछुतलाई गम्भीर सामाजिक अपराध मानेको छ । कानुनबमोजिम अपराधीले सजाय र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था भएअनुसार कुनै पनि व्यक्तिलाई उसको जन्म, जातजाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कहीँपनि कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न पाइँदैन । जातकै आधारमा कसैलाई कुनै खास वस्तु उत्पादन र बिक्री गर्नबाट रोक लगाउन पाइँदैन । यस्तै सेवा वा सुविधा उपभोग गर्न पनि रोक लगाउन पाइँदैन ।






कसैले पनि जन्म, जातजाति वा शारीरिक अवस्थाका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने व्यवहारलाई प्रोत्साहित गर्न पाइँदैन । जातजाति वा छुवाछुतका आधारमा सामाजिक भेदभावलाई ठिक ठान्ने वा छुवाछुत गर्ने अथवा जातीय उच्चता वा निचतामा आधारित विचारहरू प्रचार प्रसार गर्न, गराउन पाइँदैन ।

यसरी नेपालको संविधान २०७२ ले जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अपराधलाई दलित समुदायका छुवाछुत विरुदको हक अधिकारलाई सुनिस्चित गरेको छ ।

### (ख) जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८

जातीय भेदभाव तथा छुवाछुतलाई सधैँका लागि अन्त्य गर्न जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ बनेको हो । यस ऐनमा जातीय भेदभाव तथा छुवाछुत भनेको के हो ? जातीय भेदभाव तथा छुवाछुत भएमा कहाँ जाने ? के गर्ने ? कहिले जाने ? कसरी गर्ने ? अन्याय गर्नेलाई कस्तो सजायको व्यवस्था छ ? पीडितले कस्तो क्षतिपूर्ति पाउँछ ? स्पष्ट रूपमा उल्लेख गरेको छ । जातीय भेदभाव तथा छुवाछुत भएको अवस्थामा सरकार आफैँले मुद्दा लड्ने भएकाले अन्यायमा पर्नेले कुनै खर्च गर्नु पर्दैन ।



यस ऐनले जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी अपराध गर्ने, यसलाई समर्थन गर्ने, अपराध गर्न उक्साउनेलाई एक महिनादेखि तिन वर्षसम्मको कैद र ५ सयदेखि २५ हजारसम्मको जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था गरेको छ । जातीय भेदभाव तथा छुवाछुत गर्न उक्साउनेलाई आधा सजायको व्यवस्था छ । यस्तै सार्वजनिक पदमा काम गरिरहेको व्यक्तिले अन्याय गरेमा दोब्बर साजाय हुने व्यवस्था छ ।


ललितपुर जिल्ला वडा नं. ४, छम्पीमा बस्ने मैया परियार लुगा सिउने काम गर्छिन् । उनलाई लुगा सिलाउने काममा जाँदा भरत नगरकोटीले २०६९ पुस १२ गते बलात्कार गरे । बलात्कारपछि करङ भाँचिने गरी कुटपिटसमेत गरे । घटनाको उजुरी राष्ट्रिय दलित आयोगमा दर्ता भयो । आयोगले घटनाको कारबाही अगाडि बढायो । भरत नगरकोटी थुनामा छन् ।

यो ऐन मुख्य रूपमा दलितको हकहित र अधिकारको संरक्षणका लागि हो । जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्नका लागि यस ऐनले सहयोग गर्छ । यस ऐनमा भएका व्यवस्थाहरू हामी सबैले बुझ्नु, बुझाउनु जरुरी हुन्छ । ऐनमा भएको व्यवस्थालाई सजिलै बुझ्नका लागि जानकारी पुस्तिका समेत तयार भएको छ ।



### (ग) तेरौँ योजना

हाम्रो देशमा राष्ट्रिय योजना आयोगले आवधिक योजना बनाउँछ । योजनामा विकासका कार्यक्रमहरू हुन्छन् । योजना आयोगले गाउँ, समुदाय र जिल्लाबाट आएका मागहरूलाई आधार बनाएर योजनाको किताब बनाउँछ। रातो किताबमा परेका कार्यक्रम सरकारले आफ्नो वार्षिक कार्यक्रम तथा बजेटमा राख्ने गर्दछ।




हाम्रो गाउँ/टोलमा गर्नुपर्ने विकासका काम र दलित समुदाय उत्थानका लागि आवश्यक कार्यक्रमहरू वार्षिक योजनामा पार्न स्थानीय तहको योजना निर्माणमा सहभागी हुनुपर्छ।

योजना आयोगले आर्थिक वर्ष २०७०/७१ देखि २०७२/७३ सम्मको ३ बर्से योजना तयार गरको छ। यो नै वर्तमान तेरौँ योजना हो। उक्त ३ बर्से योजनामा दलितहरूका लागि लक्षित कार्यक्रमहरू समेटिएका छन्।

महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम समुदाय, वादी समुदाय लगायत पिछडिएको वर्गलाई विकासको मूल प्रवाहमा ल्याई समतामूलक समाजको निर्माण गर्ने दीर्घकालीन सोच तेरौँ योजनामा रहेको छ। योजनाले यस्ता वर्गको राजनीतिक, आर्थिक, सामाजिक, मानवीय, सांस्कृतिक तथा भाषिक अधिकारको संरक्षण तथा प्रवर्धन गर्ने उद्देश्य राखेको छ।

योजनाले दलित लगायत माथि उल्लिखित वर्गका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने कार्यनीति बनाएको छ । सकारात्मक विभेद र आरक्षणका माध्यमबाट राज्यका सबै क्षेत्रमा लक्षित वर्गको पहुँच तथा सार्थक सहभागिता सुनिश्चित गरेको छ । सामाजिक सचेतना तथा क्षमता विकास कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरी सशक्तीकरण गर्ने, परम्परागत सिप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने कार्यनीति रहेको छ ।





उक्त कार्यनीतिअन्तर्गत संस्थागत क्षमता विकास सम्बन्धी नयाँ कार्यक्रमहरू सञ्चालन गरिने छ । दलित सम्बन्धी विद्यमान नीति, ऐन कानुनहरूको समीक्षा, सुधार तथा नयाँ निर्माण गरिने छ । सरकारी/गैरसरकारी क्षेत्रमा उपलब्ध हुने अवसरहरू तथा सञ्चालित हुने कार्यक्रमहरूमा समावेशी समुदायहरूलाई प्राथमिकता दिने कार्यक्रमहरू मुख्य रूपमा राखिएका छन् ।

दलित, बादीलगायत अन्य समुदायका जनजातिहरूको पहिचान तथा परिचयपत्र वितरण गर्ने नीति लिएको छ । यस्ता समुदायलाई सहकारी संस्था खोल्न प्रोत्साहन गर्ने नीति लिएको छ ।

दलित, बादी लगायतका समुदायहरूको जात जातिका भाषा, संस्कृतिहरूको संरक्षण, संवर्धन र सचेतनाका निम्ति अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने रहेको छ । यस्तै सिपमूलक तालिम, रोजगार र बिउ पुँजी वितरण कार्यक्रम एवम् ती सबैमा उचित सहभागिता सुनिश्चित गर्ने कार्यक्रमहरू राखिएका छन् ।







दलितहरूका नाममा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुरमा २५ देखि ४० प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ । लक्षित समुदायको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्तिलगायत कार्यक्रमहरू राखिएको छ । दलित, सीमान्तकृत र विपन्न वर्गका लागि जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गरिदिने योजनामा उल्लेख छ ।



समावेशी तथा लक्षित समूह विकास कार्यक्रमअन्तर्गत विगतका कार्यक्रमलाई निरन्तरता दिने राष्ट्रिय दलित आयोग, उत्पीडित तथा दलित वर्ग उत्थान तथा विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था छ ।

लक्षित वर्ग, क्षेत्र र समूहको आर्थिक र सामाजिक सशक्तीकरणको अभिवृद्धि गर्न स्पष्ट नीति, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयन गरिने कुरा योजनामा उल्लेख गरिएको छ । सबै लक्षित वर्ग र क्षेत्रहरूले विकासका प्रतिफल वितरणमा सहभागी हुने र आर्थिक विकास प्रक्रियामा योगदान दिने वातावरणको सिर्जना गर्ने कुरा योजनामा रहेको छ ।








११

माथि उल्लिखित कार्यक्रमहरू तेरौँ योजनामा दलितहरूका लागि गरिएको व्यवस्था हो । योजनामा उल्लिखित कार्यक्रमहरूका सम्बन्धमा हामी सबैले जानकारी राख्न आवश्यक छ । कार्यक्रमहरू योजनामा उल्लेख भएर मात्र हुँदैन । यसको प्रभावकारी कार्यान्वयनका लागि हामी आफैँ सचेत हुन आवश्यक छ । कार्यक्रम बनाउँदादेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा समेत सक्रिय सहभागी हुन जरुरी हुन्छ । तब मात्र योजनामा भएको व्यवस्थाबाट हामीले लाभ पाउन सक्छौँ ।

### (घ) स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली

गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई स्थानीय निकाय भनिन्छ । स्थानीय निकाय सञ्चालन सम्बन्धी स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ छ । उक्त ऐन र नियमावलीमा स्थानीय निकायले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था गरेको छ। उक्त ऐन र नियमावलीमा दलितहरूलगायत उत्पीडित समुदायका लागि कार्यक्रममा सहभागिता सुनिश्चित गर्न स्पष्ट व्यवस्था गरेको छ ।






ऐनको प्रस्तावनामा नै आफ्नो क्षेत्रको विकासका लागि साधनको परिचालन, विनियोजन र विकासमा दलित, जनजाति, आदिवासी, पिछडिएका वर्गको सहभागिता सुनिश्चित गर्नुपर्ने कुरा उल्लेख गरेको छ । गाउँ, नगर रजिल्ला परिषद् गठन गर्दा दलितको सहभागिता सुनिश्चित गर्ने कुरा उल्लेख गरेको छ। गाविस तथा नपाले योजना बनाउँदा र कार्यान्वयन गर्दा दलित तथा जनजातिको स्रोत नक्सामा खुलाउनु पर्ने कुरा उल्लेख गरेको छ । गाविस, नपा र जिविसमा कर्मचारी भर्ना गर्दा ९ प्रतिशत दलित हुनुपर्ने कानुनी व्यवस्था गरेको छ ।

### (ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

नेपाल सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ तयार गरेको छ । यस नीतिमा सामाजिक वञ्चितीकरणमा परेका समूहहरू भन्ने उल्लेख छ । उक्त समूहरूमध्ये दलित समुदाय पनि पर्दछन् । यस्तै महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उमेर (१६ वर्ष मुनिका बालबालिकाहरू र ६० वर्षमाथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका मानिसलाई समेत लिइएको छ । समावेशीताको मर्मअनुसार आधारमा सामाजिक वञ्चितीकरणमा परेकाहरूलाई सहभागी गराउनु पर्ने कुरा वर्तमान संविधानमा समेत उल्लेख गरिएको छ ।




महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित, विपन्न वर्ग, अपाङ्गता भएका तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागिता र सशक्तीकरण गर्दै लाने कुरा यस नीतिले उल्लेख गरेको छ । गाविस तहमा सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्दा दलितको समेत प्रतिनिधित्व हुनुपर्ने व्यवस्था छ । यस नीतिले गाविस, नपा र जिविसको एकीकृत योजना तर्जुमा समितिमा दलितको पनि प्रतिनिधित्व हुनुपर्ने व्यवस्था गरेको छ ।

गाउँ नागरिक मञ्च र वडा नागरिक मञ्च गठन गर्दा दलितको पनि प्रतिनिधित्व हुने व्यवस्था छ । गाउँ र नगर विकास योजनाको अनुगमन तथा सुपरिवेक्षणमा दलित समुदायको पनि प्रतिनिधित्व हुने व्यवस्था छ ।

यस नीतिमा दलितहरूका लागि उल्लेख भएको व्यवस्थाअनुसार आफ्नो

गाविस, नपा, जिविसमा दलितहरूको प्रतिनिधित्व भएको छ कि छैन हामीले आफैँ खोजिनीति गर्नुपर्छ। नीतिमा उल्लेख गरको व्यवस्था अनुसार दलितहरूको प्रतिनिधित्व गराउन हामी आफैँ अग्रसर हुनुपर्छ । यसो भएमा मात्र हाम्रो अधिकारको सुनिश्चित हुन सक्छ ।

### (च) स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि

नेपाल सरकारले स्थानीय निकायको स्रोत परिचालन तथा व्यवस्थापनका लागि कार्यविधि तयार गरेको छ । यो कार्यविधि २०६९ सालमा तयार गरिएको हो । यसै कार्यविधिअनुसार गाविस, नपा र जिविसमा हुने सम्पूर्ण स्रोत परिचालन र व्यवस्थापन हुन्छ । कार्यविधिमा गाविस, नपा र जिविसले लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गरेको छ। उक्त कार्यक्रमअन्तर्गत दलित समेतका लक्षित समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस्ता कार्यक्रमका लागि १५ प्रतिशत रकमको व्यवस्था गरिएको छ। त्यस्तै बाल बालिका र महिलाका लागि १०/१० प्रतिशत रकम छुट्याइएको छ।



### बाल बालिकाको रकमबाट बाल क्लबको तालिम

मेरो नाम शिवकुमार हरिजन हो। म कक्षा ५ मा पढ्छु। एक दिन मेरो सामाजिक परिचालक दिदीसँग भेट भयो । उहाँले नगरपालिकामा बाल क्लबको तालिम हुँदै छ भन्ने कुरा जानकारी गराउनुभयो । म नगरपालिकामा गएँ । नगरपालिकाले तिमीहरूको बाल क्लब छ ? भनेर सोध्यो । हामीले त पहिले नै बाल क्लब गठन गरिसकेका छौँ भनेँ। हामीले बाल क्लबमा दलितलाई पनि सहभागी गराएका छौँ भनेर बताएँ। त्यसो भए तिम्रो बाल क्लबबाट पाँच जना बाल बालिकाको नाम छनोट गरेर ल्याउ भन्नुभयो । म स्कुलमा फर्कें । बाल क्लबको बैठक बोलाए । नगरपालिकामा भएका सबै कुरा सुनाएँ। बैठकले तालिममा भाग लिने पाँच जना सदस्यको नाम छनोट गऱ्यो । छनोट भएका हामी तालिममा गयौँ ।



तालिम असाध्यै राम्रो भयो । तालिमबाट धेरै कुरा थाहा पायौँ । नगरपालिका र गाविसमा लक्षित समूहका लागि ३५ प्रतिशत रकम छुट्याइएको हुँदो रहेछ । त्यसमा पनि १० प्रतिशत महिलाका लागि १० प्रतिशत बाल बालिकाका लागि र १५ प्रतिशत दलित, जनजाति, मदेशी, पिछडा वर्ग, अल्पसङ्ख्यक, लोपउन्मुख जाति र अति गरिबका लागि छुट्याएको हुँदो रहेछ । यो तालिम पनि बाल बालिकाका लागि छुट्याएको रकमबाट सञ्चालन भएको रहेछ । गाविस, नपा र जिल्ला स्तरमा बाल बालिकाको क्षमता विकासको लागि यस्ता खाले तालिम, गोष्ठी हुने रहेछन् । अहिले हामी गाविस, नपा र जिल्लामा हुने बाल बालिका सम्बन्धी हरेक कार्यक्रममा सहभागी हुन्छौँ ।



गाविस, नपा र जिविसमा एकीकृत योजना तर्जुमा समिति गठन गर्नुपर्ने कुरा कार्यविधिमा छ । यस समितिमा दलित समुदायबाट कम्तीमा एक जना प्रतिनिधि रहने व्यवस्था गरेको छ । गाविस, नपा र जिविसले कार्यक्रम बनाउँदा दलितलगायत पिछडिएका समुदायलाई प्राथमिकता दिनुपर्ने व्यवस्था कार्यविधिमा छ ।

स्थानीय निकायमा प्राप्त हुने स्रोत र त्यसको परिचालन गर्ने तरिका सम्बन्धी विस्तृत जानकारी यस सामग्रीबाट पाइन्छ । त्यसैले यसको अध्ययन र जानकारी गराउने कार्यक्रमहरूमा सहभागी हुनुपर्छ । साथै आफ्नो वर्ग समुदायका लागि कार्यविधिमा राखेको व्यवस्थाअनुसार गराउन सम्बन्धित गाविस, नपा र जिविसमा घचघच्याउन आवश्यक हुन्छ ।

## २. संरचनागत व्यवस्था

संरचनागत व्यवस्थाअन्तर्गत दलित सम्बन्धी ऐन कानुनमा भएका प्रावधानअनुसार विभिन्न आयोग र समितिहरू पर्दछन्। त्यस्तै संरचनाभित्र राज्यका अन्य निकायहरूमा दलितका लागि गरिएको व्यवस्थासमेत यसमा पर्दछ। यस्ता संरचनाहरू गाउँदेखि केन्द्र स्तरसम्म छन्। यिनीहरूले ऐन, कानुनमा भएका व्यवस्थाहरूलाई व्यवहारमा ल्याउन सहयोग पुऱ्याउँछन् । यसका लागि हामीहरूले कुन कुन संरचनाहरू कहाँ कहाँ छन् ? तिनीहरूले कस्ता सेवा र सुविधाहरू दिन्छन् ? त्यसलाई कसरी पाउन सकिन्छ ? त्यसका लागि के गर्नुपर्छ ? भन्ने कुरा संरचनागत व्यवस्थाअन्तर्गत थाहा पाउन सकिन्छ ।

### स्थानीय स्तर

#### (क) स्थानीय निकाय



स्थानीय निकाय भनेका गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरू हुन् । यिनीहरूलाई स्थानीय सरकार पनि भन्ने गरिन्छ । सरकारले विकास निर्माणका कामहरू यिनै निकायहरूमार्फत गर्छन् । यस्तै सम्बन्धित गाउँ/समुदायमा उपभोक्ता समिति गठन गरिन्छ । उनीहरूमार्फत पनि विकासका कामहरू गराउने गरिन्छ । समितिमा महिलाको ३३ प्रतिशत र पछाडि परेका वर्ग समुदायको पनि सहभागिता हुनुपर्ने व्यवस्था छ । त्यसैले यस्ता समितिमा दलितको सहभागिता बढाउन आफैँ अग्रसर हुनु आवश्यक छ ।







## पिपलटारी गाउँको योजना

पिपलटारी गाउँमा दलितहरूको बस्ती बाक्लै छ। यो गाउँमा विकासका कार्यक्रम खासै भएको छैन । साउन महिनादेखि सामाजिक परिचालक गाउँ टोलमा जान्छन् । गाउँका मागहरू सङ्कलन गर्छन् । यसैका लागि कमला पिपलटारी गाउँमा गइन् । उनी सामाजिक परिचालक हुन् । उनले गाउँका सबै जनालाई भेला हुन भनिन् । गाउँका सबै महिला, पुरुष र बाल बालिका चौतारीमा भेला भए । कमलाले गाउँको समस्या सोधिन् । महिलाहरूले खानेपानीको समस्या बताए । कसैले गाउँ दुर्गन्धित छ भने । नानीहरू ड्रेस नभएर स्कुल नगएको समस्या पनि राखे । बेरोजगार युवा तथा युवतीले सिपमूलक तालिम लिन पाए हुन्थ्यो भने । यसरी पालैपालो सबैले आआफ्नो विचार राखे । सबैको समस्या कापीमा लेखिन् । समस्या त धेरै रहेछन् । यी समस्याहरू एकै पटक समाधान गर्न सकिँदैन । यसलाई पहिलो, दोस्रो गर्दै क्रमश: राखौँ भनिन् । सबैको सल्लाह र सहभागितामा समस्याको प्राथमिकीकरण भयो । यसलाई वडा स्तरीय भेलामा राख्ने कुरा जानकारी गराइन् । स्वीकृत भएका कार्यक्रमहरू लिएर तपाईंको गाउँमा म फेरि आउँछु भन्दै बिदा भइन् ।



प्रत्येक गाविस र नगरपालिकामा सामाजिक परिचालक हुन्छन् । तिनीहरूले हरेक वर्षको साउन महिनाबाट प्रत्येक बस्ती तथा टोलमा पुगेर जनताका समस्याहरू सङ्कलन गर्दछन् । त्यही बेलामा आफ्ना गाउँ/समुदायका समस्या, आवश्यकताहरू सहभागितामूलक ढङ्गले स्पष्टसँग राख्नुपर्छ । यस्तै दलितको हकहितका लागि व्यवस्था भएका कार्यक्रमहरूका सम्बन्धमा पनि जानकारी राख्नुपर्छ । आफूले चाहेका कार्यक्रमहरू पनि राख्न सकिन्छ ।

गाउँ/टोलबाट सङ्कलन भएका मागहरू महिनैपिच्छे वडामा बस्ने भेलामा छलफल गरिन्छ । यस्तो छलफलमा कुनै तिन ओटा कार्यक्रमलाई मुख्य प्राथमिकतामा राखिन्छ । त्यसैले आफ्नो कार्यक्रम प्राथमिकताभित्र पार्न वडा स्तरीय छलफलमा भाग लिनुपर्छ ।






वडामा प्राथमिकता राखी आएका मागहरू हरेक वर्षको कात्तिक मसान्तभित्र गाविस, नपा स्तरको कार्य सम्पादन समितिमा पेस हुन्छ । त्यस्तो कार्य सम्पादन समितिमा गाविस सचिव, स्वास्थ्य चौकी प्रमुख, पशु सेवा केन्द्र तथा उपकेन्द्रका प्रमुखसहित तिन जना सस्दय रहने व्यवस्था छ ।

कार्य सम्पादन समितिले अध्ययन र थप प्राथमिकीकरण गरेपछि एकीकृत योजना तर्जुमा उपसमितिमा पेस गरिन्छ । गाविस र नगरपालिकामा क्रमशः १५ र १६ जनाको एकीकृत योजना तर्जुमा समिति हुन्छ । उक्त समितिमा दलित समुदायको पनि प्रतिनिधि रहने व्यवस्था छ । एकीकृत योजना बनाउने काम मङ्सिरको दोस्रो हप्तासम्ममा गरिसक्नुपर्छ । यसरी तयार भएको योजना गाविस/नपा परिषद्मा पेस हुन्छ । यो काम पुसको दोस्रो हप्ताभित्र गरिन्छ ।



जिल्लाभरिका सबै गाविस/नपाहरूबाट पारित भएका कार्यक्रमहरू इलाका परिषद्मा जान्छ । इलाका परिषद्बाट पारित भएका कार्यक्रमहरू जिल्लाको एकीकृत योजना तर्जुमा बैठकमा गई अनुमोदनका लागि जिल्ला परिषद्मा पेस हुन्छ । जिल्ला परिषद् फागुन मसान्तभित्र बसिसक्नुपर्ने व्यवस्था छ । जिल्ला एकीकृत योजना तर्जुमा समितिमा दलितको पनि प्रतिनिधित्व हुने व्यवस्था छ ।





## सुत्केरी र पोषण भत्ता



मेरो नाम सन्तमाया सुनार हो । मेरो डेढ वर्षकी छोरी छन् । छोरी पेटमा आएदेखि मैले अस्पतालमा चार पटक जचाएँ । छोरी जन्माउन मलाई श्रीमान्ले अस्पताल लानुभयो । अस्पतालमा नानी जन्माउँदा मलाई कुनै खर्च लागेन । अस्पतालले मलाई १ हजार ४ सय रुपैयाँ दियो । दुई जनासम्म बच्चा जन्माउँदा सरकारले यस्तो रकम दिँदो रहेछ । अस्पतालले मलाई नानी जन्मिएको प्रमाण पत्र दियो । प्रमाण पत्र लिएर मेरो श्रीमान् गाविस जानुभयो । गाविसबाट नानीको जन्म दर्ता र दलितको परिचय पत्र ल्याउनुभयो । गाविसबाट दलित नानीहरूका लागि मासिक २ सय भत्ता दिने रहेछ। मेरो नानीको पनि गाविसबाट पोषण भत्ता आउँछ। यस्तो भत्ता लिनका लागि बैङ्कमा खाता चाहिन्छ रे । यसैका लागि मैले नानीको नाममा बैङ्कमा खाता खोलेकी छु । मेरो नानी पाँच वर्ष पुरा हुँदासम्म भत्ता आउँछ । यसले नानीलाई सन्तुलित आहारा खुवाउने गरेको छु ।



गाविस⁄नपाबाट विभिन्न किसिमका सेवा सुविधाहरू लिन सकिन्छ । सामाजिक सुरक्षा भत्ता गाविस नपाबाट वितरण हुन्छ। यस्तो भत्ता जेष्ठ नागरिक (दलितको हकमा ६० वर्ष पुगेका), विधवा तथा एकल महिला, अपाङ्गता भएका, दलित बाल बालिकाले पाउँछन्। यसका लागि तोकिएअनुसारको फाराम भरि मङ्सिर १५ गते सम्ममा दरखास्त दिइसक्नुपर्छ । दरखास्तका आधारमा गाविस⁄नपाले सम्बन्धित सबैलाई परिचय पत्र वितरण गर्छ । उक्त परिचय पत्र लिनका लागि दुई प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाण पत्र र बालबालिकाको हकमा जन्म दर्ताको प्रमाण पत्र पेस गर्नुपर्छ। गाविस तथा नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको सूची तयार गर्छ। त्यसैको केन्द्रबाट बजेट माग गर्छ।




परिचय पत्रका आधारमा असोज, माघ र जेठ महिनामा सामाजिक सुरक्षा भत्ता वितरण गर्छ। त्यस्तो भत्तामा दलित जेठ नागरिकलाई मासिक ५ सय रूपैयाँ दिने व्यवस्था छ । दुई जनासम्म ५ वर्षसम्मका दलित बालबालिकाका लागि मासिक पोषण भत्ता बापत २ सय रूपैयाँ दिने व्यवस्था छ । पूर्ण आपङ्गता भएकालाई मासिक १ हजार रूपैयाँ, आंशिक आपङ्गता भएकालाई ३ सय रूपैयाँ दिने व्यवस्था छ।





दलित बाल बालिकाका लागि कक्षा १ देखि १२ सम्म वार्षिक ५ सय छात्रवृत्ति पाउने व्यवस्था छ । यस्तो छात्रवृत्ति सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयबाट उपलब्ध हुन्छ । प्राविधिक विषय पढ्न चाहने दलित छात्र तथा छात्राहरूलाई ९ प्रतिशत छात्रवृत्ति दिने व्यवस्था छ ।






मष्तिष्क सम्बन्धी रोग (अल्जाइमर), मृगौला रोगी, क्यान्सर, कुष्ट रोग, मुटुको रोग जस्ता जटिल रोग लागेका बिरामीहरूलाई अस्पतालहरू मार्फत् ५० हजारसम्मको निःशुल्क उपचार गरिदिने व्यवस्था छ। क्षय रोग र मलेरिया लागेका जो कोहीलाई पनि निःशुल्क उपचार गरिदिने व्यवस्था छ। दुई जनासम्म बच्चा जन्माउँदा महिलालाई सुत्केरी भत्ता बापत १ हजार र ४ पटकसम्म नियमित चेकजाँच गराएमा थप ४ सय रूपैयाँ भत्ता पाउने व्यवस्था छ। उपस्वास्थ्य चौकीमा २२ किसिमका र स्वास्थ्य चौकीमा ३२ किसिमका एवम् प्राथमिक स्वास्थ्य केन्द्रमा ४२ किसिमका औषधीहरू


निःशुल्क पाइन्छ। अति गरिब, जेठ नागरिक, महिला तथा लोपोन्मुख जातिका लागि केन्द्रबाट जटिल रोगका लागि २५ हजारदेखि २ लाखसम्म अनुदान दिने व्यवस्था पनि छ । यस्ता सेवा र सुविधा लिन वडा कार्यालय, गाविस/नपा कार्यालयमा सम्पर्क गर्नुपर्छ । यस्तै सामाजिक परिचालक, स्वास्थ्य स्वमय्सेविकाको पनि सहयोग लिन सकिन्छ ।








सामाजिक परिचालन कार्यक्रम लागु भएका गाविस/नपाका वडाहरूमा कम्तीमा ३३ प्रतिशत महिला सम्मिलित वडा नागरिक मञ्च गठन भएको हुन्छ। यस्तो मञ्चमा वडाभित्रका अन्य कुनै समूह वा संस्थामा आवद्ध नभएका सामाजिक तथा आर्थिक रूपमा पछि परेका वर्ग र महिलाहरूलाई प्राथमिकताका साथ समावेश गरेको हुन्छ । दलित समुदायले पनि आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्नका लागि यस्तो समिति गठन गर्दा सहभागी हुन आवश्यक हुन्छ ।



### (ख) गैरसरकारी संस्था

गाउँका विकास कार्यमा सरकारलाई सहयोग पुऱ्याउन जिल्ला, इलाका र गाउँ स्तरमा विभिन्न गैरसरकारी संस्थाहरू हुन्छन् । यस्ता गैरसरकारी संस्थाहरू दलित समुदाय आफैँले पनि स्थापना गरेका हुन्छन् । यस्तै दलित समुदायको हकहित, अधिकार, आयआर्जन, रोजगारी, क्षमता विकास आदि कार्यक्रम गर्ने गरी अन्य संस्थाहरूले पनि काम गर्छन् ।

गाउँ, नगर, इलाका, जिल्लामा दलितका लागि काम गर्ने संस्थाहरू कुन कुन हुन् ? कहाँ कहाँ छन् ? तिनीहरूले के के काम गर्छन् ? यी सबै कुरा हामीले जानकारी राख्नुपर्छ । यस्तो सूचना पाउने हाम्रो पनि हक हो । हाम्रो कानुनले सूचना पाउने हकको सुनिश्चितता गरेको छ । हाम्रा आफ्ना आवश्यकताहरूलाई त्यस्ता संस्थाहरूमार्फत पनि राख्न सकिन्छ । आफ्नो हकहित, अधिकार, आयआर्जन, रोजगारी र क्षमता विकासका लागि यस्ता संस्थाहरूमा सहभागी हुने कार्यक्रम गर्न तिनीहरूसँग अनुरोध गर्न सकिन्छ ।



दलितका क्षेत्रमा काम गर्ने संस्थाहरू जिल्ला स्तरीय सञ्जाल पनि छन् । यस्तै केन्द्रमा सबै दलित संस्थाहरूको महासङ्घ ललितपुरमा पनि छ ।

### गाउँको विकासका लागि गाउँमै संस्था

गोकुल र लक्ष्मी एउटै गाउँका साथीहरू हुन् । उनीहरू स्कुल पढ्दादेखि नै सामाजिक सेवा गर्न रुचाउँथे । त्यसैले उनीहरूले १२ कक्षा पास गरेपछि बीएसडब्ल् विषय पढे । पढाइ सक्ने वित्तिकै उनीहरूले आफ्नो गाउँको विकास आफैँ गर्ने सोच राखे । उनीहरूको गाउँमा एउटै पनि गैरसरकारी संस्था थिएन । उनीहरूले आफ्नो गाउँमा संस्था खोल्नुपर्छ भन्ने ठाने । गाउँका सबैलाई बोलाए । भेलामा दलित तथा गैरदलित सबै उपस्थित भए । गाउँको विकासमा सहयोग गर्न एउटा गैरसरकारी संस्था चाहिन्छ भनेर प्रस्ताव राखे । सबैले संस्था खोल्ने कुरामा सहमति जनाए । पाँच जनाको समिति बनाएर संस्थाको विधान बनाउने जिम्मा दिए ।

अर्को भेलामा समितिले "सम्वृद्ध नेपाल" नामक संस्थाको विधान तयार गरेर ल्याए । विधानमा गाउँका प्रत्येक घरबाट एक एक जना सदस्य रहने व्यवस्था

गरे । चार जना महिलासहित समानुपातिक प्रतिनिधि राखेर नौ जनाको कार्य समिति बनाउने प्रस्ताव ल्याए । भेलाले विधानको मस्यौदा पास गऱ्यो । तदर्थ समिति गठन भयो । भेलामा सबै कुरा निर्णय गरियो ।




भेलाको निर्णयसहित गाविसबाट सिफारिस माग गरे । संस्था दर्ताका लागि आवश्यक कागजात लिएर जिविस र जिल्ला प्रशासन कार्यालय गए । उनीहरूको संस्था दर्ता भयो । संस्थामार्फत उनीहरूले एक वर्षसम्म गाउँमा जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गरे । उनीहरूले आफ्नो गाउँलाई जातीय भेदाभाव तथा छुवाछुत अन्त भएको घोषणा गरे । गाविसको अनुदान र संस्थाको सहयोगमा दलित, जनजाति, महिला उत्थानका लागि सिपमूलक तालिमहरू सञ्चालन गरे । आय आर्जन कार्यक्रमहरू सञ्चालन गरे । पनि समूह सुरु गरे । बचत कार्यक्रमलाई व्यवस्थित गर्न गाउँमै सहकारी दर्ता गर्ने सोच राखेका छन् ।

### (ग) जातीय भेदभाव तथा छुवाछुत समिति र निगरानी केन्द्र

जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्नका लागि जिल्ला, गाविस/नपामा समिति र निगरानी केन्द्रहरूको व्यवस्था गरिएको छ ।

#### (अ) जातीय भेदभाव तथा छुवाछुतको अन्त्य सम्बन्धी जिल्ला समन्वय समिति

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा १६ सदस्यीय जतिय भेदभाव तथा छुवाछुतको अन्त्य सम्बन्धी जिल्ला समन्वय समिति गठन भएको हुन्छ । उक्त समितिले दलितहरूको हक संरक्षण र हित प्रवर्धनका लागि काम गर्छ । यसले जिल्लामा सञ्चालित कार्यक्रमको कार्यान्वयन, अनुगमन र समन्वयमा सहयोग गर्छ । जातीय भेदभाव सम्बन्धी कानुनको कार्यान्वयन गराउँछ । राष्ट्रिय निर्देशन समितिलाई सुझाव र सल्लाह दिन्छ । जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा दलितहरूको हक संरक्षण र हित प्रवर्धनका लागि छुट्टै डेक्स स्थापना गर्न आवश्यक व्यवस्था मिलाउँछ ।



### दलित समुदाय उत्थानका लागि सतिषको प्रयास

मेरो नाम सतिष राम हो । घर व्यवहारका कारणले मैले स्कुलको पढाइ पुरा गर्न सकिँन । म सामान्य लेखपढ गर्न मात्र सक्छु । मलाई दलितको हकहित, अधिकार सम्बन्धी कुराहरू जान्न मन लाग्छ । सरल भाषामा लेखेको पुस्तकहरू पढ्न मन लाग्छ । एक दिन मैले एउटा पुस्तक पाएँ । पुस्तकको सुरुदेखि अन्त्यसम्म पढेँ । खुब रमाइलो लाग्यो । यो पुस्तकमा दलित समुदायको हकहितका कुराहरू छर्लङ्ग हुने गरी लेखेको रहेछ । मैले यो पुस्तकबाट दलित हकहितका कुराहरू राम्रैसँग बुझेँ । मैले बुझेका कुराहरू गाउँ/टोलमा साथीभाइ, आमा बुबा, दिदी बहिनी, दाजु भाइ सबैलाई सुनाउने गरेको छु । मैले भेटे जति सबैलाई आफूले पाउने सेवा र सुविधा कहाँ कहाँबाट पाउन सकिन्छ बताइदिन्छु ।






गाविस/नगरपालिकाबाट दलित समुदायका लागि उपलब्ध गराउनुपर्ने सेवा तथा सुविधाहरू सबैले पाएका छन् कि छैनन् ? सोधखोज गर्ने गरेको छु। हाम्रो गाउँमा जातीय भेदभाव तथा छुवाछुत अन्त गर्नका लागि निगरानी केन्द्र बनाउने कुरामा सबैको सहमति जुटाउँदै छु । यस सम्बन्धी जिल्ला समन्वय समितिमा कोको छन् ? उनीहरूसँग भेटघाट गर्ने विचार गरेको छु । भेटघाटमा निगरानी केन्द्र खोल्ने कुरामा सहयोग माग्छु । समितिले गरेका काम र योजनाहरू सोधखोज गर्ने विचार गरेको छु । गाउँ, नगर, इलाका र जिल्लामा व्यवस्था भएका समितिहरूमा दलित प्रतिनिधिबारे थाहा पाउँछु । आफ्नो गाउँमा दलित समुदायको उत्थानका लागि कार्यक्रमहरू राखिदिन अनुरोध गर्छु ।

### (आ) जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी स्थानीय निगरानी केन्द्र

गाउँ विकास समिति र नगरपालिकामा जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्नका लागि निगरानी केन्द्रको व्यवस्था गरिएको छ। उक्त निरगानी केन्द्रले सल्लाहकार समति, केन्द्रीय निर्देशक समिति र जिल्ला समन्वय समितिबाट तोके अनुसारको काम गर्छ। यो केन्द्रले भेदभाव तथा छुवाछुत हुन नदिनका लागि पहरेदारको काम गर्छ। यस्तो केन्द्रमा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी घटनाहरू भए जानकारी गराउनु पर्छ। जातीय भेदभाव तथा छुवाछुत हुन नदिनका लागि जनचेतनामूलक कार्यक्रमहरू गर्न लगाउनुपर्छ। जातीय भेदभाव तथा छुवाछुतका घटनाहरू हुने निगरानी ठाउँमा, कार्वाहि गर्नका लागि घचघच्याउनु पर्दछ।

### (घ) दलित जिल्ला समन्वय समिति



जिल्ला विकास समितिको सभापतित्वमा दलित जिल्ला समन्वय समिति रहने व्यवस्था छ। समितिमा जिल्लाका सबैजसो सरकारी कार्यालयहरूको प्रतिनिधि रहने व्यवस्था छ। यस्तै सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीबाट मनोनित १ जना दलित प्रतिनिधि रहने व्यवस्था छ। दलित गैरसरकारी संस्था महासङ्घ जिल्ला शाखाले तोकेका एक महिलासहित दुई जना प्रतिनिधि पनि सदस्य रहने व्यवस्था छ।

यस समितिले दलित समुदायसँग सम्बन्धित कार्यक्रमहरूको सहजीकरण गर्छ। अनुगमन र मूल्याङ्कन गर्छ। कार्यक्रमहरूमा दोहोरपन आउन नदिने काम गर्छ। जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्नका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्छ। विभिन्न सङ्घ, संस्था निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा सरोकारवाला सङ्घ तथा संस्थामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वका लागि पहल गर्छ।

दलित समुदायका समस्याहरू पहिचान गरी समाधानका लागि स्थानीय स्तरमा कार्यरत सरकारी, गैरसरकारी र सामाजिक सङ्घ संस्थाहरूलाई सक्रिय रूपमा परिचालन गरी दलित समुदायको उत्थानका लागि उत्प्रेरित गर्ने काम गर्छ। दलित लक्षित कार्यक्रमहरूमा विनियोजित बजेटबाट दलितहरूलाई लाभान्वित गराउन सुनिश्चित गर्छ। बजेटका बारेमा प्रचार प्रसार गराउँछ।



यस समितिमा रहेको दलित समुदायका प्रतिनिधिमार्फत दलित हकहितका कुरा राख्न सकिन्छ । जिल्ला, गाविस, नगरपालिकामा सञ्चालन हुने कार्यक्रमहरूका बारेमा पनि जानकारी पाउन सकिन्छ । यो समितिले तोकेको काम गरे/नगरेको खबरदारी गर्दै आवाज उठाउन सकिन्छ ।

### (ङ) लैङ्गिक समावेशी सामाजिक समन्वय समिति

जिल्ला विकास समितिमा लैङ्गिक समावेशी सामाजिक समन्वय समिति हुन्छ । यस समितिको अध्यक्षमा स्थानीय विकास अधिकारी र उपाध्यक्षमा महिला विकास अधिकृत रहने व्यवस्था छ । यो समिति जिविसको सामाजिक विकास एकाइमा रहने व्यवस्था छ । सदस्य-सचिवमा सामाजिक विकास अधिकृत रहने व्यवस्था छ । यस समितिमा जिल्ला स्तरीय दलित तथा आदिवासी जनजाति समन्वय समितिहरूबाट एक एक जना प्रतिनिधि सदस्य रहने व्यवस्था छ ।

यस समितिले दलित, जनजाति तथा महिलाहरू जस्ता वञ्चित समूहको सरोकारका विषयलाई सम्बोधन गर्छ । जिल्ला तहका विभिन्न कार्यक्रमहरूबिच संयोजन गराउँछ । यसले वञ्चित वर्ग र समुदायको विकासका लागि आवश्यक बजेट छुट्याउँछ ।

विभिन्न घटना र सवालहरूका आधारमा संवाद चलाउँछ । साथै खबरदारीको भूमिकालाई निरन्तरता दिन्छ । जिल्लास्थित कार्यालयहरूबाट लक्षित समूहहरूका लागि सञ्चालन गर्ने कार्यक्रम तथा बजेटको समन्वय र अनुगमन गर्छ । एकीकृत

योजना तर्जुमामा सहयोग गर्छ ।

समितिलाई तोकेका काम गर्न गराउनका लागि दलित समुदायका प्रतिनिधि मार्फत् पहल गर्नुपर्छ । समितिले गरेका कामहरूको जानकारी गराउन पनि अनुरोध गर्न सकिन्छ ।

## रातामाटेका दलित उत्थान समूह जिविसमा

रातामाटे जिल्ला सदरमुकाम नजिकै छ । उत्थान समूहको बैठकले जिल्ला सदरमुका भ्रमण गर्ने निर्णय गऱ्यो । भ्रमणका क्रममा सदरमुकाममा रहेका विभिन्न सरकारी कार्यालयहरू अवलोकन गर्ने र तीनिहरूबाट उपलब्ध हुने सेवा सुविधाहरूबारे जानकारी लिने योजना बनाए । योजना अनुसार उनीहरूको समूह पहिला जिल्ला विकास समितिको कार्यालयमा गए । उनीहरूले कर्मचारीसँग जिल्ला विकास समितिमा लैङ्गिक समावेशी सामाजिक समन्वय समिति गठन भएको छ छैन ? सोधे । यस सम्बन्धी भएको व्यवस्था उनीहरूले पहिलेनै कानुन किताबबाट थाहा पाइसकेका थिए । कानुनमा व्यवस्था भएअनुसार पदाधिकारी को को छन्/छैनन् ? दलितको प्रतिनिधि छ/छैन ? समितिले के के काम गर्छ ? कानुनमा व्यवस्था भए अनुसारको काम गरेको छ छैन ? आदि सबैबारे जानकारी लिए । सम्बन्धित कर्मचारीले जिल्ला विकास समितिमा कानुनमा व्यवस्था भएअनुसारको लैङ्गिक समावेशी सामाजिक समन्वय समिति गठन भएको र दलितको पनि सहभागीता रहेको कुरा उनीहरुलाई बताए । सो कुरा जानकारी पाएर दलित उत्थान समिति खुसी भए र समुदायमा गएर यो कुरा जानकारी गराउने प्रतिबद्धताका साथ जिविसबाट विदा भए ।



## केन्द्रीय स्तर

केन्द्रीय स्तरमा विभिन्न सरकारी, गैरसरकारी निकाय, समिति र आयोगले दलित हकहित संरक्षण र संवर्धनका लागि काम गर्छन् । मुख्य मुख्य निकायहरू र तिनीहरूले गर्ने कार्यहरू यहाँ उल्लेख गरिएको छ ।

### (क) उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति

दलितको हकहितमा काम गर्ने यो जेठो संस्था हो । यसले स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेर काम गर्छ । जातीय भेदभावविरुद्ध स्थानीय स्तरमा जनचेतना जगाउने काम गर्छ । यसले दलित समुदायका लागि आय आर्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्छ । दलित बाल बालिकालाई माध्यमिक तथा उच्च शिक्षासम्म छात्रवृत्ति प्रदान गर्ने काम गर्दछ ।

### दलित समुदायको उत्थानमा गैरदलित

जुनु गैरदलित छात्रा हुन् । उनी सामाज शास्त्र विषय लिएर एमए पढ्दै छिन् । उनी सानैदखि जातीय भेदभाव तथा छुवाछुतको खुलेर विरोध गर्थिन् । दलित समुदायका विषय लेखिएका पुस्तक, लेख रचना, समाचार अध्ययन र सङ्कलन गर्थिन् । उनले आफ्नो एमएको शोधपत्र (थेसिस) पनि दलित समुदायकै विषयमा लेख्ने सोच राखिन् । शोधपत्र लेख्ने क्रममा उनले स्थानीय विकास मन्त्रालयमा रहेको उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समितिलाई छनोट गरिन् ।

शोधपत्र लेख्ने क्रममा उनी पटक पटक मन्त्रालय गइन् । समितिका पदाधिकारीहरूसँग भेटेर सोधखोज गरिन् । दलितका प्रतिनिधि भेटिन् । समितिमा दलितका प्रतिनिधि कसरी भएका रहेछ जानकारी लिइन् । समितिले गर्ने कामहरू सोध्दै लेखिन् । समितिले गरेको कामबाट हालसम्म फाइदा लिएका व्यक्तिहरूको विवरण तयार गरिन् । सुविधा पाएका केही व्यक्तिहरूसँग अन्तर्वार्ता लिइन् । शोधपत्र तयार गरिन् । शोधपत्रमा समितिले गर्नुपर्ने थप काम र सेवा, सुविधासहित सुझावमा उल्लेख गरिन् ।

आफ्नो शोधपत्रका मुख्य मुख्य कुराहरूलाई पत्रपत्रिकामा प्रकाशन गरिन् । आफ्नो गाउँ, समुदायमा सबैलाई भेला गराई जानकारी गराइन् । उक्त समितिबाट दलित समुदायले लिन सक्ने सेवा र सुविधाका बारेमा जानकारी गराइन् ।

## (ख) राष्ट्रिय दलित आयोग

२०५८ सालमा राष्ट्रिय दलित आयोग गठन भएको हो। नेपालको संविधान २०७२ मा पनि यसको व्यवस्था गरिएको छ। अहिलेको संविधानअनुसार यो आयोगमा एकजना अध्यक्ष र ४ जना सदस्य रहने व्यवस्था छ।आयोगका सदस्यहरूको पदावधि ६ वर्षका लागि तोकेको छ।

राष्ट्रिय दलित आयोगले दलित समुदायको हकहितका लागि काम गर्छ। दलित सम्बन्धी नीतिगत र कानुनी सुधारका लागि सरकारलाई सुझाव दिने काम गर्छ। दलित समुदायको उत्थानका लागि रणनीतिहरू तयार पार्ने काम गर्छ। दलित समुदायको विकास र उत्थानका लागि कार्यक्रमहरू सञ्चालन गर्नु यसको मुख्य दायित्व हो। यसले दलित सम्बन्धी व्यवस्था भएका कानुनको पालना भए नभएको हेर्ने काम गर्छ। कानुनको पालना नभएको अवस्थामा सरकारलाई सुझाव र सल्लाह दिने काम गर्छ।



दलित आयोगबाट हामीले धेरै फाइदा लिन सक्छौँ। जातीय भेदभाव तथा छुवाछुतको घटना भएमा सोझै आयोगमा उजुरी गर्न सकिन्छ। यस्तो उजुरी प्रहरी कार्यालय, वडा/नपा/गाविस कार्यालय, जिल्ला प्रशासन कार्यालयमा पनि गर्न सकिन्छ। त्यहाँ उजुरी दर्ता गर्न नमानेमा सोझै आयोगमा उजुरी गर्न सकिन्छ। सम्बन्धित निकायहरूले पीडितलाई न्याय दिलाउने काममा ढिलासुस्ती गरेमा पनि आयोगबाट सहयोग लिन सकिन्छ। दलित आयोगले सञ्चालन गर्ने कार्यक्रमहरूमा प्रत्यक्ष सहभागी हुन सकिन्छ। दलित समुदायका लागि राज्यले व्यवस्था गरेको ऐन तथा नियमअनुसारका कार्यक्रम, त्यसबाट प्राप्त हुने सेवा र सुविधा पाउन ढिलासुस्ती भएमा जानकारी गराउन सकिन्छ। राष्ट्रिय दलित आयोगको कार्यालय ललितपुरमा छ। यस आयोगमा निम्न लिखित ठेगामामा सोझै वा पत्राचार वा फोन तथा इमेलबाट पनि सम्पर्क गर्न सकिछ। साथै आयोगका बारेका थप जानकारी लिन सकिन्छ।

राष्ट्रिय दलित आयोग
जावलाखेल, ललितपुर, नेपाल
पोस्ट बक्स नं. : १३७५८
फोन नं. : ०१-५५३११४८
फ्याक्स : ०१-५५३३६५०
इमेल : info@rndc.gov.np,
वेभ : www.ndc.gov.np

## राज्यको मूल प्रवाहीकरणमा दलित महिलाको सहभागिता विषयक अन्तरक्रिया

मिति २०६८ असार १४ गते मध्यमाञ्चलको दाङ जिल्लामा राज्यको मूल प्रवाहीकरणमा दलित महिलाको सहभागिता सम्बन्धी सम्मेलन भएको थियो। विभिन्न जिल्लाबाट करिब १ सय ५० जनाको सङ्ख्यामा दलित महिलाहरूको उपस्थिति थियो। नीति निर्माण तहमा दलित महिलाहरूको सहभागिता नहुँदा महिलामुखी नीति बन्न नसकिरहेको अवस्था विद्यमान रहेको छ। एकातिर दलित महिलामाथि हुने घरेलु हिंसा र अर्को तर्फ अशिक्षाका कारण जातीय भेदभाव र छुवाछुतको मारमा दलित महिलाहरू पर्नु परेको पीडा कार्यक्रममा सहभागी महिलाहरूले व्यक्त गर्नु भएको थियो। दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, पत्रकार, बुद्धिजीवी, राजनीतिक दलका प्रमुख तथा दलित भ्रातृ सङ्गठनका प्रतिनिधिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो।

राष्ट्रिय दलित आयोगका मा. अध्यक्ष श्री विजुल विश्वकर्माको प्रमुख आतित्थ्यमा सम्पन्न भएको कार्यक्रमको अध्यक्षता आयोगका सदस्य श्री मिना स्वर्णाकारले गर्नु भएको थियो भने सञ्चालन सुनिल देवकोटाले गर्नुभएको थियो। कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै आयोगका सदस्य श्री मिना स्वर्णाकारले महिलाहरू आफ्नो अधिकार आफैँ खोज्नका लागि सजग र सचेत भई लाग्नुपर्ने, समाजमा आफ्नो भूमिकालाई बढाउनु पर्ने, नेतृत्वदायी भूमिकामा महिलालाई उत्प्ररित र जागृत गर्नुपर्ने कुरामा जोड दिनु भएको थियो।

स्रोत : वार्षिक प्रतिवेदन २०६७/६८, नेपाल सरकार राष्ट्रिय दलित आयोग

### (ग) सल्लाहकार समिति

जातीय भेदभाव तथा छुवाछुत अन्त्य गर्नका लागि केन्द्रीय स्तरमा सल्लाहकार समिति छ। उक्त समितिमा राष्ट्रिय दलित आयोगका अध्यक्षसहित नौ जना रहन्छन्। जसमा प्रधानमन्त्रीले तोकेका प्रमुख दलका प्रतिनिधि सभाका पाँच जना सभासद र दलित उत्थानका लागि क्रियाशील रहेका सङ्घ संस्थाका तिन जना प्रतिनिधि सदस्य रहने व्यवस्था छ। यस समितिले दलित उत्थान सम्बन्धी योजना बनाउन र कार्यान्वयनका लागि आवश्यक सल्लाह र सुझाव दिन्छ।

### (घ) जातीय भेदभाव तथा छुवाछुत अन्त्य सम्बन्धी केन्द्रीय निर्देशक समिति :

नेपाल सरकारको मुख्य सचिवको संयोजकत्वमा १७ सदस्य भएको केन्द्रीय निर्देशक समिति गठन भएको छ। उक्त समितिमा अन्य विषयगत मन्त्रालयका १६ जना सचिव रहन्छन्। यसको कार्यालय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सिंहदरबारमा छ। यसले जातीय भेदभाव तथा छुवाछुतको अन्त्यका लागि नीतिगत विषयमा सल्लाह एवम् सुझाव दिने काम गर्दछ। दलितहरूको हकहित संरक्षण र प्रवद्र्धनका लागि सञ्चालित कार्यक्रमहरूको समन्वय एवम् अनुगमन गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउँछ।

### (ङ) प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालयअन्तर्गतको जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि समन्वय एकाइ

जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि यो समन्वय एकाइको व्यवस्था गरिएको छ। यो एकाइ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छ। उक्त कार्यालय अन्तर्गत सामाजिक विकास महाशाखाले समन्वय एकाइको काम गर्छ। सल्लाहकार समिति र केन्द्रीय निर्देशक समितिको सचिवालयसमेत यही समन्वय एकाइमा रहन्छ। यस एकाइले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि सल्लाहकार समिति र केन्द्रीय निर्देशक समितिले गर्ने कामको जिम्मेवारी तोकेको हुन्छ।



### (च) बादी समुदाय उत्थान विकास समिति

नेपाल सरकारले बादी समुदायको उत्थानको लागि वादी समुदाय उत्थान विकास समिति गठन गरको छ। समितिमा स्थानीय विकास मन्त्री वा राज्य मन्त्री अध्यक्ष रहने व्यवस्था छ। यो समितिमा बादी समुदायबाट र यस क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूबाट अधिकांश सदस्य रहने व्यवस्था छ।

यस समितिले बादी समुदायको विकासका लागि नीति बनाउँछ। कार्यक्रमहरू बनाई त्यसका कार्यान्वयन गराउँछ। बादी समुदायको व्यवस्थित बसोबासका लागि बस्ती विकास एवम् पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्छ। बादी समुदायको विकासका लागि सहकार्य तथा समन्वय गर्छ।

बादी समुदाय सम्बन्धी अध्ययन, अनुसन्धान गरी प्रकाशन र प्रसारण गर्छ । बादी समुदायका व्यक्तिलाई छात्रवृत्ति, क्षमता विकास, आय आर्जन तालिम कार्यक्रमहरू सञ्चाल गर्ने, गराउने जस्ता मुख्य कार्यहरू गर्छ ।

### (छ) मुक्त हलिया पुनर्स्थापना समिति

नेपाल सरकारले सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका नौ जिल्लामा अवस्थित हलियाहरूलाई हलिया मुक्त क्षेत्र घोषणा गरेको छ । यस्तै २०६५ सालमा मुक्त हलिया पुनर्स्थापना समिति गठन गरेको छ । उक्त समितिले हलियाहरूको उत्थान र विकासका लागि काम गर्छ ।

## सन्दर्भ सामग्री


१. राष्ट्रिय दलित आयोगको प्रतिवेदन २०६७/०६८ र २०७०/०७१।

२. स्थानीय सन्दर्भमा स्थानीय निकायको बजेट सम्बन्धी सोधखोज, दलित गैरसरकारी संस्था महासङ्घ ।

३. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को प्रभावकारी। कार्यान्वयनका लागि सहयोगी स्रोत पुस्तिका, दलित गैसस महासङ्घ

४. नेपालको संविधा २०७२, नेपाल कानुन आयोग।

५. मुलुकी ऐन, पछिल्लो संसोधनसहित, नेपाल कानुन आयोग।

६. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८, नेपाल कानुन आयोग।

७. तेरौँ योजना, राष्ट्रिय योजना आयोग।

८. स्थानीय स्वायत्त शासन ऐन, २०५५ पछिल्लो संसोधनसहित, नेपाल कानुन आयोग।

९. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ पछिल्लो संसोधनसहित, नेपाल कानुन आयोग।

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६, नेपाल कानुन आयोग।

११. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९, नेपाल कानुन आयोग।